# नेपाल राष्ट्र बैंक

## प्रेस समाचार

### मौद्रिक विस्तार लक्षित आर्थिक वृद्धिका लागि पर्याप्त: गभर्नर डा. खतिवडा

IBN Media and Research Pvt. Ltd. द्वारा साउन १३ गते आयोजित "Monetary Policy 2071/72 and Reformation of Financial Sector" विषयक अन्तरक्रिया कार्यक्रममा प्रमुख अतिथिको रुपमा सम्बोधन गर्नु हुँदै नेपाल राष्ट्र बैंकका गभर्नर डा. युवराज खतिवडाले वित्त नीति, मौद्रिक




नीति, विदेशी विनिमय नीतिमार्फत मुलुकको समग्र आर्थिक व्यवस्थापन हुने भएकाले यी नीति निर्माण र कार्यान्वयन गर्ने निकायबीच आपसी समझदारी रहने जानकारी दिदैं मुलुकले परिलक्षित गरेको आर्थिक वृद्धिका लागि आवश्यक कर्जा विस्तारको वातावरण मौद्रिक नीति मार्फत मिलाइएको जानकारी दिनुभयो ।

विप्रेषणको विस्तार, भारतको उच्च मूल्यवृद्धि, पेट्रोलियम पदार्थको मूल्यवृद्धि तथा आपूर्तिजन्य अवरोधका कारण नेपालमा हुनसक्ने उच्च मूल्यवृद्धिलाई रोक्न निकै चुनौतीपूर्ण हुने भएतापनि नेपाल राष्ट्र बैंक यसमा निकै प्रयत्नरत रहेको कुरा उहाँले बताउनु भयो । यसैलाई ध्यानमा राखेर मुद्राप्रदायको वृद्धिदर १६ प्रतिशत र त्यसबाट निजी क्षेत्रतर्फको कर्जा विस्तार १८ प्रतिशत हुने तथा यो कर्जा विस्तारबाट ६ प्रतिशतको आर्थिक वृद्धि हासिल हुन सक्ने जानकारी दिनु भयो । कर्जा विस्तारको एकहदसम्मको अवरोधको रुपमा रहेको बैक तथा वित्तीय संस्थाको पुँजीको आधारलाई सुदृढ गर्न उहाँले सम्बन्धित पक्षलाई सुझाव दिनुभयो । नियामकले तोकेको तहमा चुक्ता पुँजी पुऱ्याएर मात्र व्यवसाय विस्तार नहुने हुँदा आफ्नो व्यवसायको जोखिम धान्न पनि पर्याप्त हुने गरी पूँजीको व्यवस्था गर्नु पर्ने उहाँको धारणा थियो । मौद्रिक नीतिको आवधिक समीक्षा गरी आवश्यक परिमार्जन गर्न सकिने भएकाले मुलुकको विकासका लागि आवश्यकता अनुसार यसलाई परिमार्जन गरिने प्रतिबद्धता व्यक्त गर्नु भयो ।

वित्तीय क्षेत्रको स्थायित्व केन्द्रीय बैंकको प्रमुख सरोकारको विषय भएको र संस्थागत सुशासन त्यसको आधार भएकाले संस्थागत सुशासनका लागि नेपाल राष्ट्र बैंक प्रयत्नशील रहेको गभर्नर डा. खतिवडाले जानकारी दिनुभयो । संचालक र प्रमुख कार्यकारी अधिकृतको पदावधि सम्बन्धी जिज्ञासालाई सम्बोधन गर्दै गभर्नर खतिवडाले यो विषय विश्वव्यापी मान्यता पाएका असर अभ्यास मध्ये एक भएको जानकारी दिनुभयो । नियामक निकाय र कारोबार गर्ने संस्थाको दृष्टिकोण फरक पर्ने भएकाले कतिपय व्यवस्था तत्काल असहज लाग्न सक्छन् तर कालान्तरमा ती व्यवस्था उपयोगी प्रमाणित हुने भएकाले दीर्घकालीन सोचका साथ ती व्यवस्थाको विश्लेषण गर्न उहाँले आग्रह गर्नुभयो । फरक बैंक तथा वित्तीय संस्थाहरुमा फरक समस्या देखिएका

हुनाले समग्र वित्तीय क्षेत्रको एउटै सरोकार हुन नसकेकाले समस्या पहिचानको कार्य पनि समस्यारहित रहन नसकेको उहाँले स्पष्ट पार्नुभयो ।




तोकिएका उत्पादनशील क्षेत्र अन्तर्गत कृषि, जलविद्युत, पर्यटन, निर्यातमूलक उद्योग, साना तथा घरेलु उद्योग राष्ट्रिय प्राथमिकताका क्षेत्र भएकाले यी क्षेत्रमा वित्तीय क्षेत्रले लगानी गर्नु आवश्यक रहेको तर्फ जोड दिदै गभर्नर डा. खतिवडाले लघुवित्त विकास बैंकहरुको ब्याजदरले वित्तीय प्रणालीमा हाल प्रचलित ब्याजदरलाई सम्बोधन गर्न नसकेको हुँदा ब्याजदरलाई वित्तीय बजारका अन्य संस्थाहरुजस्तै समसामयिक बनाउन सुझाव दिनुभयो । पुनरकर्जा तथा तरलता व्यवस्थापनका संयन्त्रलाई प्रभावकारी पार्ने र नयाँ उपकरण जारी गर्ने दिशामा नेपाल राष्ट्र बैंक प्रयत्नशील रहेको जानकारी दिनु भएको थियो ।

रेमिटान्सको उत्पादक उपयोगका लागि हालसम्म चालिएका कदमको समीक्षा गर्दै भावी योजना बनाइने जानकारी दिदै गभर्नर डा. खतिवडाले निक्षेप परिचालनका माध्यमबाट बैंक तथा वित्तीय संस्थाले पनि सो कार्य गर्न सक्ने वताउनु भयो । विनिमयदर नीतिमा भएको सामयिक मूल्याङ्कनले वर्तमान व्यवस्था नेपालको हितमा रहेको निष्कर्ष दिएको जानकारी पनि उहाँले दिनुभयो ।

विश्व आर्थिक संकटपछि केन्द्रीय बैंकको स्वायत्ततामा प्रश्न उठेका विषयमा केन्द्रित हुँदै जबाफदेहितामा खरो प्रमाणित भएसम्म स्वायत्ततामा आँच नआउने धारणा गभर्नर डा. खतिवडाले राख्नु भएको थियो ।

सो कार्यक्रममा नेपाल राष्ट्र बैंकका पूर्व गभर्नर दीपेन्द्रबहादुर क्षेत्रीले मौद्रिक नीतिको समीक्षा प्रस्तुत गर्नु भएको थियो । सोही कार्यक्रममा नेपाल बैंकर्स एशोसियसनका अध्यक्ष राजनसिंह भण्डारीले पनि बैकर्स संघका तर्फबाट मन्तब्य राख्नु भएको थियो ।